IGI PRUDENTIAL INSURANCE LIMITED

सुरक्षाको पूर्वाधार, भविष्यको आधार

आइजीआई प्रुडेन्सियल २८०/०८१/८२

मिति: २०८१/१२/१७

श्री नेपाल स्टक एक्सचेन्ज लिमिटेड,
सिंहदरवार प्लाजा,
सिंहदरबार, काठमाडौं ।

**विषय: बार्षिक साधारण सभाको निर्णय माइन्युट पठाइएको सम्बन्धमा ।**

महोदय,

उपरोक्त सम्वन्धमा यस कम्पनीको मिति २०८१ साल फागुन २५ गते आर्थिक वर्ष २०८०/८१ को २७औं बार्षिक साधारण सभा सफलता पूर्वक सम्पन्न भएको व्यहोरा जानकारी गराउँदछु । उक्त साधारण सभाको निर्णय माइन्युट तहाँको जानकारीको लागि यसै पत्र साथ संलग्न गरी पठाइएको व्यहोरा अनुरोध गर्दछु ।

सधन्यवाद ।

भवदीय,

आइजीआई प्रुडेन्सियल इन्स्योरेन्स लि. काठमाडौं

उमा जोशी
कम्पनी सचिव

**संलग्न: बार्षिक साधारण सभाको निर्णय माइन्युट - थान १**

IGI Prudential Insurance Limited
Corporate Office : Narayanchaur, Naxal, Kathmandu, Nepal | Phone (Hunting) : +977 1 4511510 | Fax : +977 1 4511736
Email : info@igiprudential.com | URL : www.igiprudential.com
www.igiprudential.com

# आइजीआई प्रुडेन्सियल इन्स्योरेन्स लिमिटेडको
# २७औं बार्षिक साधारण सभा निर्णय पुस्तिका

## मिति २०८१ फागुन २५ गते सम्पन्न
## २७औं बार्षिक साधारण सभा

आइजीआई प्रुडेन्सियल इन्स्योरेन्स लिमिटेड
नारायणचौर, नक्साल, काठमाडौं

विषयसूची


| विषय | पाना न. |
| --- | --- |
| १. बैधानिक सभा | १ |
| २. बार्षिक साधारण सभाको मिति, समय र स्थान | १ |
| ३. सभाको सूचना | १ |
| ४. सभामा प्रस्तुत भएका छलफलका विषयहरू | १-२ |
| क) विशेष प्रस्तावहरू | |
| ख) सामान्य प्रस्तावहरू | |
| ५. साधारण सभा सम्बन्धि कार्यक्रम | २-३ |
| क) सभामा उपस्थिति | |
| ख) कम्पनीको व्यवस्थापन तर्फबाट उपस्थिति | |
| घ) अन्य | |
| ङ) शेयरधनीहरू | |
| ६. सभाका गणपुरक सँख्या | ३ |
| ७. सभाको बैधानिकता | ३ |
| ८. सभाको कारवाहि तथा सभाअध्यक्षता सम्बन्धमा | ३ |
| ९. अध्यक्षबाट शेयरधनीहरूलाई सम्बोधन सहित बार्षिक प्रतिवेदन प्रस्तुत | ३-४ |
| १०. बार्षिक प्रतिवेदन उपर शेयरधनी महानुभावबाट जिज्ञासा, राय एवं सुझाव | ४-१२ |
| ११. शेयरधनी सदस्यबाट प्राप्त सुझाव एवं जिज्ञासाको अध्यक्षबाट सम्बोधन | १२ |
| १२. प्रस्ताव उपर सभाको निर्णय | १३-१५ |


आइजीआई प्रुडेन्सियल इन्स्योरेन्स लि.
IGI
काठमाडौं

मिति २०८१ फागुन २५

आम्रपाली बैङ्केट, भाटभटेनी काठमाडौं सम्पन्न भएको

२७औं बार्षिक साधारण सभा निर्णय पुस्तिका

आइजीआई प्रुडेन्सियल इन्स्योरेन्स लि.
IGI
काठमाडौं

**बीमा ऐन, २०७९ को परिच्छेद ४ बमोजिम इजाजतपत्र प्राप्त**
**आइजीआई प्रुडेन्सियल इन्स्योरेन्स लिमिटेड, नारायणचौर, नक्साल, काठमाडौंको**

**मिति २०८१/११/२५ गते आईतवार तदनुसार ९ मार्च, २०२५ का दिन सम्पन्न**
**२७ औं वार्षिक साधारणसभाको निर्णय पुस्तिका**

**१) वैधानिक सभा :**

आइजीआई प्रुडेन्सियल इन्स्योरेन्स लिमिटेड, नारायणचौर, नक्शाल, काठमाडौंको मिति २०८१/१०/२७ गते बसेको सञ्चालक समितिको २८औं बैठकको निर्णयानुसार मिति २०८१ साल फागुन २५ गते आईतबारका दिन आम्रपाली बैङ्केट, भाटभटेनी काठमाडौंमा कम्पनीको २७औं वार्षिक साधारण सभा सम्पन्न भयो । कम्पनी ऐन, २०६३ र यस कम्पनीको नियमावलीको नियम ९ बमोजिम संचालित बार्षिक साधारणसभा सञ्चालक समितिका अध्यक्ष श्री हेम राज ढकालज्यूको अध्यक्षतामा सम्पन्न भएको थियो । उक्त सभामा देहायका प्रस्तावहरू उपर देहाय वमोजिमको छलफल तथा निर्णय गरियो ।

**२) २७ औं वार्षिक साधारण सभाको मिति, समय र स्थान :**

मितिः २०८१ साल फागुन २५ गते आईतबार (तदनुसार ९ मार्च, २०२५)
समयः बिहान १०:०० बजे
स्थानः आम्रपालि बैङ्केट, भाटभटेनी, नक्साल, काठमाडौं ।

**३) सभाको सूचना :**

क) कम्पनीको मिति २०८१ साल माघ २७ गते बसेको सञ्चालक समितिको २८ औं बैठकको निर्णयानुसार २७ औं बार्षिक साधारण सभा मिति २०८१ साल फागुन २५ गते आइतबारका दिन बस्ने सूचना कम्पनी ऐन, २०६३ को दफा ६७(२) र कम्पनीको नियमावलीको नियम ९ को उपनियम (ख) (४) को प्रावधान अनुसार सभाको छलफलका विषय सहित संलग्न गरी विवरण खुलाई मिति २०८१/१०/३० मा पहिलो पटक र २०८१/११/१८ गते दोस्रो पटक कारोबार राष्ट्रिय दैनिकमा साधारण सभा बस्ने बारेको सूचना प्रकाशित गरिएको थियो । साथै कम्पनीको आफ्नो website समेतमा वार्षिक साधारण सभा सम्बन्धी सूचना प्रकाशित गरिएको थियो ।

ख) नेपाल बीमा प्राधिकरण, कम्पनी रजिष्ट्रार कार्यालय, धितोपत्र बोर्ड, नेपाल स्टक एक्सचेन्ज, सिडिएस तथा क्लियरीङ लि., ग्लोबल आइएमई क्यापिटल लि. समेतलाई साधारण सभाको जानकारी गराईएको र सभामा परिवेक्षणका लागि पत्रमार्फत आमन्त्रण गरिएको थियो ।

ग) साधारण सभामा कम्पनीको आर्थिक बर्ष २०८०/०८१ का लागि नियुक्त लेखापरिक्षक श्री रमन उप्रेती साझेदार एम आर यु एशोसिएट् चार्टर्ड एकाउण्टेण्ट् र कम्पनीका कानुनी सल्लाहकार बरिष्ठ अधिबक्ता श्री लिलामणी पौडेलज्यूलाई पनि पत्रमार्फत सभामा आमन्त्रित गरिएको थियो ।

**४) सभामा प्रस्तुत भएका छलफलका विषयहरू :**

**कं. सामान्य प्रस्तावहरुः**

(१) संचालक समितिको तर्फबाट अध्यक्षज्यूद्वारा पेश हुने कम्पनीको आ.ब. २०८०।०८१ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

(२) आ.ब. २०८०/०८१ को लेखापरीक्षकको प्रतिवेदन सहितको वासलात, नाफा नोक्सान हिसाव र नगद प्रवाह विवरण तथा सोसंग सम्बन्धित अनुसूचीहरू पारित गर्ने ।

(३) आ.ब.२०८१/०८२ को लेखापरीक्षण गर्न लेखापरीक्षकको नियुक्ती गर्ने र निजको पारिश्रमिक तोक्ने (हालको लेखापरिक्षक MRU Associates पुनः नियुक्त हुन सक्ने) सम्बन्धमा ।

(४) स्वतन्त्र संचालकको नियुक्ति अनुमोदन गर्ने सम्बन्धमा ।

(५) कम्पनीको हाल कायम चुक्ता पूंजी रू. ३,०२,९३,३४,६३९।२० (अक्षरेपी तीन अरब दुई करोड त्रियानब्बे लाख चौतिस हजार छ सय उनान्चालिस रूपैया पैसा बीस मात्र) को ९.७३६८ प्रतिशतका दरले हुन आउने रू. २९,४९,६१,५३०।७० (अक्षरेपी उनन्तीस करोड उनान्पचास लाख एकसट्ठी हजार पाँच सय तीस रूपैया पैसा सत्तरी मात्र) (कर प्रयोजनार्थ सहित) नगद लाभांश वितरण गर्ने सम्बन्धमा ।

**ख. विशेष प्रस्तावहरुः**

(१) कम्पनीको प्रबन्धपत्र तथा नियमावली अभिलेख गर्ने निकायबाट कुनै फेरबदलको निर्देशन प्राप्त भएमा सोही अनुसार फेरबदल गर्न संचालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

(२) कम्पनीको संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत भएको खर्च अनुमोदन गर्ने ।

**ग. विविध**

**५) साधारण सभा सम्बन्धी कार्यक्रम :**

**सभामा उपस्थिति :**

**क) संचालक समिति**

| | |
|---|---|
| हेम राज ढकाल | अध्यक्ष |
| विशाल अग्रवाल | संचालक |
| अम्बिका प्रसाद पौडेल | संचालक |
| कृति टिवडेवाल | संचालक |
| अमित अग्रवाल | संचालक |
| राजेन्द्र सिंह भण्डारी | संचालक |
| कृष्ण प्रसाद शर्मा | संचालक |

**ख) कम्पनी सचिव**

उमा जोशी

**ग) कम्पनीको व्यवस्थापन तर्फबाट उपस्थिति**

| | |
|---|---|
| युगेशभक्त वादे श्रेष्ठ | प्रमुख कार्यकारी अधिकृत |
| शरण रेग्मी | नायव प्रमुख कार्यकारी अधिकृत |
| प्रबल ढकाल | वित्त विभाग प्रमुख |
| निरज कोईराला | लेखा विभाग प्रमुख |

आइजीआई प्रुडेन्सियल इन्स्योरेन्स लि. IGI काठमाडौं

**घ) अन्य**

लेखापरिक्षक श्री रमन उप्रेती साझेदार एम आर यु एशोसिएट् चार्टर्ड एकाउण्टेण्ट्

**ङ) शेयरधनीहरू**

| | |
|---|---|
| जम्मा उपस्थित शेयरधनी संख्या | ३५५ जना |
| स्वयम् उपस्थित शेयरधनी संख्या | २४० जना |
| प्रतिनिधि मार्फत उपस्थित शेयरधनी संख्या | १२० जना |

६) **सभाको गणपुरक सँख्या :**

| | |
|---|---|
| १) कुल शेयर सँख्या (सँख्यामा) | ३,०२,९३,३४६.२० |
| २) जम्मा उपस्थिति शेयर सँख्या (सँख्यामा) | २,०५,९९,५००.०० |
| ३) जम्मा उपस्थित शेयरधनी सँख्या | ३५५ |
| स्वयम् उपस्थित शेयरधनी सँख्या | २४० |
| प्रतिनिधि (प्रोक्सी मार्फत) उपस्थित शेयरधनी सँख्या | १२० |
| ४) जम्मा शेयरको प्रतिनिधित्व (सँख्यामा) | २,०५,९९,५००.०० |
| ५) जम्मा शेयरको प्रतिनिधित्व (प्रतिशतमा) | ६८.०० |
| शेयरधनीहरू स्वयं | २४० |
| प्रतिनिधि (प्रोक्सी मार्फत) | १२० |

७) **सभाको बैधानिकता :**

कम्पनी ऐन, २०६३ को दफा ६७(२) तथा कम्पनीको नियमावलीको नियम ९ उपनियम (ख) बमोजिम सभा बोलाईएको र सभाको लागि आवश्यक गणपुरक संख्याको हकमा कम्पनी ऐनको दफा ७३(२) तथा कम्पनीको नियमावलीको नियम ९ को उपनियम (छ)(२) बमोजिम शेयर संख्याको ५१ प्रतिशत उपस्थिति हुनु पर्नेमा कुल शेयर संख्याको ६८.०० प्रतिशतको उपस्थिति भएको र सभा बैधानिक भएको जानकारी कम्पनी सचिवले अवगत गराए पश्चात सभाको कार्यक्रम विहान १०:०० बजेबाट शुरू भयो ।

८) **सभाको कारवाही तथा सभाध्यक्षता :**

कम्पनी सचिवद्धारा सम्पूर्ण सहभागीहरूलाई स्वागत सहित सभामा सहभागी सञ्चालक, आमन्त्रित अतिथि लगायत सम्पूर्णलाई आशन ग्रहण गराई सभाको कार्यक्रम शुरू भएको थियो । कम्पनी ऐन, २०६३ को दफा ७४ (१) र यस कम्पनीको नियमावलीको नियम ९ उपनियम छ (५) बमोजिम कम्पनीको सञ्चालक समितिका अध्यक्षले साधारण सभाको सभाध्यक्षता गर्ने व्यवस्था रहेकोले कम्पनी सचिवले कम्पनीका सञ्चालक समितिका अध्यक्ष श्री हेम राज ढकालज्यूबाट सभाको सभाध्यक्षता गराई वार्षिक साधारण सभालाई औपचारिकता प्रदान गरिएको थियो ।

आइजीआई प्रुडेन्सियल इन्स्योरेन्स लि. IGI काठमाडौं

सभाका सभाध्यक्ष तथा कम्पनीको संचालक समितिका अध्यक्षद्वारा पानसमा बत्ती बालेर सभालाई औपचारीकता प्रदान गरिएको थियो ।

सम्पूर्ण सहभागीहरूबाट राष्ट्रिय गानमा सहभागी भई सभालाई विधिवत रूपमा शुरू गरिएको थियो ।

## ९) अध्यक्षबाट शेयरधनीहरूलाई सम्बोधन सहित बार्षिक प्रतिवेदन प्रस्तुत :

कम्पनीका अध्यक्ष तथा सभाका सभाध्यक्ष श्री हेम राज ढकालज्यूले कम्पनीको तर्फबाट शेयरधनी सदस्यहरूलाई सम्बोधन सहित कम्पनीको आ.ब. २०८०/०८१ को बार्षिक प्रतिवेदन प्रस्तुत गर्नुभयो । स्वागत मन्तव्य तथा बार्षिक प्रतिवेदन प्रस्तुतीको क्रममा उहाँले उपस्थित सम्पूर्ण शेयरधनी महानुभावहरू, नियमनकारी नियकायहरूबाट उपस्थित पर्यवेक्षक प्रतिनिधिहरू पत्रकार महोदय तथा आमन्त्रित सम्पूर्णलाई हार्दिक स्वागत तथा अभिवादन व्यक्त गर्नुभयो ।

मन्तव्यको क्रममा उहाँले राष्ट्रिय अर्थतन्त्र विगतको भन्दा केहि सूचकांकहरूले सुधारोन्मुख रहेको संकेत गरिरहेको छ विषय सभालाई अवगत गराउनु भयो । राष्ट्रिय तथ्यांङ्क कार्यालयले आर्थिक बर्ष २०८०।०८१ को आर्थिक बृद्धिदर ३.८७ प्रतिशत अनुमान गरेको छ जुन अघिल्लो बर्षमा १.९५ प्रतिशत रहेको थियो । त्यस्तै एकल अंकको व्याजदरमा बैंक तथा वित्तीय संस्थाहरूबाट ऋण प्रवाह हुनसक्ने अवस्था विद्यमान रहेको र विप्रेषण आप्रवाहमा भएको वृद्धि कारणले अर्थतन्त्रको बाह्य क्षेत्रमा उल्लेख्य सुधार देखिएसँगै आन्तरिक अर्थतन्त्र थप चलायमान हुने अपेक्षा रहेको विचार व्यक्त गर्नु भएको थियो ।

सोही सन्दर्भमा कम्पनीले अवलम्बन गरेको प्रभावकारी नीति, दुरदर्शी निर्णय, चुस्त कार्यसम्पादन, प्रभावकारी निर्णय कार्यान्वयन तथा सूचनाप्रविधिको विकास, विस्तार र संयोजन उपयुक्त समयसापेक्ष रहेको हुँदा कम्पनीको व्यवसाय प्रगतिउन्मुख रुपमा अघि बढिरहेको जानकारी गराउनु भएको थियो । तिब्र प्रतिस्पर्धात्मक बजार, सेवाग्राहीको बढ्दो आकांक्षा तथा प्रविधिको प्रयोगलाई मध्यनजर गर्दै कम्पनीले प्रवाह गर्ने सेवाहरूलाई आगामी दिनमा पूर्ण डिजिटाइज गरीसहज र सरल माध्यमबाट सेवा प्रदान गर्ने तर्फ कम्पनी थप क्रियाशिल रहने जानकारी समेत सभालाई गराउनु भयो ।

अन्त्यमा, सम्पूर्ण सहभागीहरूलाई मार्गदर्शन, सरसल्लाह तथा सुझावका लागि सञ्चालक समितिको तर्फबाट धन्यवाद सहित आभार व्यक्त गर्नु भयो । कम्पनीले प्रवाह गर्ने सेवा प्रति देखाएको भरोसा एवम् साथका लागि समस्त ग्राहकहरु लगायत सम्पूर्णमा कृतज्ञता व्यक्त गर्दै आगामी दिनहरुमा समेत निरन्तर सहयोग र भरोसाको अपेक्षा एवम् विश्वास रहेको धारणा व्यक्त गर्नुभयो ।

## १०) वार्षिक प्रतिवेदन उपर शेयरधनी महानुभावबाट जिज्ञासा, राय एवं सुझाव प्रस्तुत :

अध्यक्षबाट साधारणसभामा प्रतिवेदन पेश भए पश्चात वार्षिक प्रतिवेदन तथा छलफलका लागि प्रस्तुत गरिएका प्रस्तावहरू माथि सभामा उपस्थित शेयरधनी सदस्यहरूबाट जिज्ञासा, राय, सुझाव तथा प्रतिक्रिया प्राप्त भएका थिए ।

समग्रमा शेयरधनी सदस्यहरूले कम्पनीको काम कारवाही, बार्षिक प्रतिवेदनमा रहेको वित्तिय विवरण र यस आर्थिक बर्षमा कम्पनीले गरेको प्रगतिको उच्चप्रशंसा गर्नु भएको थियो । शेयरधनी सदस्यहरूले कम्पनीले यस बर्ष प्रदान गरेको नगद लाभांशको स्वागत गर्दै धन्यवाद व्यक्त गर्नुभएको थियो । निरन्तर व्यवसाय बृद्धिमा सफलता हासिल गरेकोमा सम्पूर्ण संचालक लगायत, व्यवस्थापन र कर्मचारीहरूको काम कारवाहीको सराहना गर्नुभयो ।

आइजीआई प्रुडेन्सियल इन्स्योरेन्स लि. IGI काठमाडौं

साथै शेयरधनीहरूबाट आगामी बर्षमा उच्चतम प्रतिफल प्रदान गर्ने गरी कार्य गर्न गराउन सुझाव दिनुभयो । बार्षिक प्रतिवेदनलाई औल्याउदै खर्चमा मितव्ययिता अपनाउनु पर्ने प्रतिक्रिया समेत प्राप्त भएको थियो । साधारण सभा आयोजना गर्दा सम्भव भएसम्म अधिकाश शेयरधनिलाई सहभागि गराउने किसिमले आयोजन गर्नका लागि सुझाव प्राप्त भएको थियो । छलफलमा बाइस (२२) जना शेयरधनीहरूले आफ्ना जिज्ञासा तथा सुझाव राख्नु भयो । शेयरधनी सदस्यबाट व्यक्त भएका सुझावकहरूको विस्तृत अंश देहाय बमोजिम रहेको छ ।

**<u>शेयरधनी सदस्यबाट व्यक्त भएका धारणा तथा सुझावहरू :</u>**

**१. श्री शत्रुघन श्रेष्ठ**

- कम्पनीको २७औं बार्षिक साधारण सभाको सफलताको कामना गर्नुभयो । कम्पनीले आ.ब. २०८०/०८१ को अवधिमा हासिल गरेको उपलब्धि सराहनिय रहेको भनि आफ्नो धारणा राख्नुभयो ।
- गएको बर्ष मात्र कम्पनी एक आपसमा गाभिए पश्चात सबै भन्दा ठूलो चुक्ता पूँजी भएको कम्पनी बन्न सफल भएको साथै निरन्तर कम्पनीले आफ्नो खुद नाफा लगायत अन्य सुचाङ्कमा बृद्धि गर्दै आएकोमा बधाई दिनु भयो ।
- निर्जिवन बीमा कम्पनी मध्ये बीमा बजारमा हाल चौथो स्थानमा पुगेको विषय सराहनिय छ भने अर्को बर्ष कम्पनी तेस्रो स्थानमा पुर्याउन र क्रमस कम्पनीको स्थान बढाउदै एक नम्बरको निर्जीवन बीमा कम्पनीको रूपमा स्थापित गर्नका लागि हरसंभव पर्यास गर्न शुभकामना व्यक्त गर्नु भयो ।

**२. श्री उत्तम दत्त पाण्डे**

- कम्पनीले लगानी गरेको क्षेत्रहरू उपयुक्त र स्वागत योग्य छ । त्यसै गरी कम्पनीले प्रदान गरेको नगद लाभांश स्वागत योग्य छ भन्नु भयो ।
- २७ औं बार्षिक साधारण सभाको सफलताको कामना व्यक्त गर्नुभयो ।

**३. श्री सुदिप श्रेष्ठ**

- कम्पनीले शेयरधनीलाई प्रतिफल स्वरूप प्रदान गरेको नगद लाभांशको स्वागत गर्दै नगद लाभांशको सट्टा बोनस शेयर प्रदान गर्दा साना शेयरधनीहरू अझ बढी लाभान्वित हुने थिए भनि विचार व्यक्त गर्नु भयो ।
- कम्पनीको संचालक समितिमा विभिन्न क्षेत्रबाट अनुभव हासिल गर्नु भएका संचालकहरूको प्रतिनिधित्व भएको हुँदा कम्पनीले कुशल नेतृत्व प्रदान गरेको छ भन्नु भयो ।
- आगामी साधारणसभा सम्ममा कम्पनीको आफ्नै व्यवसायिक भवन निर्माण कार्य सम्पन्न हुने बिषयले शेयरधनीलाई खुशि बनाएको छ र आगामी साधारण सभा सोही भवनमा सम्पन्न होस भन्ने चाहना व्यक्त गर्नु भयो ।
- बीमा कम्पनीहरू बिच अस्वस्थ प्रतिशप्रर्धाले गर्दा बीमा व्यवसाय उल्लेख्य मात्रामा फस्टाउन नसकेको आमधारणा रहकोले सो बिषयमा कम्पनी संचेत रहन सुझाव दिनु भयो ।
- बीमा क्षेत्रमा मध्यस्थकर्ताको रूपमा रहेका अभिकर्ताहरूलाई प्रभावकारी रूपमा तालिम प्रदान गरी सेवा लिन कम्पनीलाई सुझाव दिनुभयो ।

आइजीआई प्रुडेन्सियल इन्स्योरेन्स लि. IGI काठमाडौं

### ४. श्री ब्रहमदेव शाक्य

- कम्पनीको २७औं बार्षिक साधारण सभाको सफलताको कामना गर्नु भयो । शेयरधनीलाई प्रदान गरिएको नगद लाभाशं स्वागत योग्य रहेको विचार व्यक्त गर्नुभयो । अध्यक्षको मन्तव्य समसामयिक, सारयुक्त संक्षिप्त र स्पष्ट रहेको भनि प्रसंशा गर्नु भयो ।
- कम्पंनीको लेखापरिक्षण समयमा सम्पन्न गर्न कम्पंनी साथ साथै लेखापरिक्षक पनि अघिसरी समयमा लेखापरिक्षण सकेर बार्षिक साधारणसभा सम्पन्न गरि कम्पंनीमा जरिवानाको भार पर्न नदिन हुन आग्रह गर्नुभयो ।
- बीमा सचेतना सम्बन्धी कार्यलाई निरन्तरता दिई धेरै भन्दा धेरै जनमानसलाई बीमाको दायरामा ल्याउन सुझाव दिनुभयो । कम्पनीले स्थानिय स्तरमा रहेका संस्थाहरूसंग सहकार्य गरि बीमा व्यवसायको पहुँच बिस्तार र सचेतना अभिबृद्धि गर्न सुझाव दिनु भयो ।

### ५. श्री चन्द्र नारायण श्रेष्ठ

- नगद लाभाशं स्वागत योग्य भएको विचार व्यक्त गर्नु भयो । १४ बटा निर्जीवन बीमा कम्पनी मध्ये कम्पनीले आफुलाई उचाईमा राखेको धारण राख्नु भयो ।
- सम्पूर्ण बीमा क्षेत्रमा कुल बीमा शुल्क आर्जन ४२ प्रतिशत रहेको सन्दर्भमा कम्पनीले आर्जन गरेको सफलता स्वागत योग्य छ भन्नु भयो । साथै आम्दानी बढि गर्दा जोखिम समेत सोहि अनुसारले बहन गर्नुपर्ने बिषयलाई मनन गरी जोखिमका बिषयमा सजग भई व्यवसाय गर्न कम्पनीलाई सुझाव दिनुभयो ।

### ६. श्री गोविन्द बहादुर के.सी.

- कम्पनीको संचालक समिति, व्यवस्थापन र कर्मचारीको अथक मिहेनतले करिब १० प्रतिशतको नगद लाभाशं प्राप्त गरेको विषयमा धन्यवाद व्यक्त गर्नुभयो । साथै आगामी बर्ष अझ बढि लाभाशं प्राप्त हुने गरि कम्पनीले कार्य गर्नेछ भन्ने विश्वास व्यक्त गर्नुभयो ।
- चुक्ता पूँजिको आधारमा कम्पनी एक नम्बरमा रहेको छ तर व्यापार लगायत अन्य सूचकहरूमा कम्पनी पछाडी रहेको र लाभाशं वितरणको हिसावले पनि तुलनात्मक रूपमा कम रहेकोले यस तर्फ सुधार गर्न सुझाव दिनुभयो ।
- कम्पनीमा कार्यरत सक्षम नेतृत्व र सफल व्यवस्थापन तथा संचालकबाट आगामी बर्षमा थप सफलता हासिल हुने गरि कार्य गर्न सुझाव दिनुभयो ।
- ग्राहकहरूलाई छिटो छरितो रूपमा दाबी भुक्तानी हुने गरि कर्मचारीहरूले सोहि हिसाबले कार्य गर्न सुझाव दिनुभयो साथै सबै भन्दा उत्कृट कम्पनीको रूपमा बीमा बजारमा स्थापित गर्नका लागि मिहेनतका साथ कार्य गर्न सुझाव दिनुभयो ।

### ७. श्री ईन्द्रप्रसाद लामिछाने

- विगतमा थला परेर रहेको कम्पनीलाई मलजल/मेहनत गरेर यहाँ सम्म पुऱ्याएर करिब १० प्रतिशतको नगद लाभाशंको प्रतिफल दिन सफल बनाउनु भएकोमा सम्पुर्ण कर्मचारी तथा सञ्चालकलाई धन्यवाद व्यक्त गर्नुभयो ।
- संचालक समितिमा विभिन्न क्षेत्रका अनुभवी व्यक्तिहरू हुनुहुन्छ । अतः कम्पनीको प्रतिस्पर्धा भनेको १ नम्बर कम्पनीसंग हुनु पर्दछ तर हामी सोहि सोचबाट अगाडि बढन सकेका छैनौ भने तुलनात्मक हिसावले नगद लाभाशं कम छ ।
- साधारण सभामा शेयरधनीको उपस्थिति कम्पनीका लागि विशेष चासोको बिषय हो तर दुई ओटा कम्पनीको साधारणसभा संगसंगै पर्न गएको छ । आगामी दिनमा साधारणसभाको समय जुधने गरि मिति तय नगर्न सुझाव दिनुभयो । शेयरधनी ग्राहक पनि हुन साथै कम्पनीका शुभ चिन्तक/शुभेच्छुक पनि हुन भन्ने कुरा मनन् गरिदिनु होला भनि सुझाव राख्नुभयो ।

आइजीआई प्रुडेन्सियल इन्स्योरेन्स लि. IGI काठमाडौं

- प्रदेशस्तरका तथा कम्पनीका शाखा कार्यालयहरूको निरन्तर अनुगमन/सुपरिवेक्षण गर्न सुझाव दिनुभयो । कर्मचारीहरूलाई क्षमता बिकासका लागि निरन्तर तालिम प्रदान गर्न सुझाव दिनु भयो ।
- कम्पनीलाई जोखिम बहनका लागि विभिन्न परिस्थिति सृजना हुन सक्ने हुँदा, उपयुक्त रूपमा जोखिम मुल्यांकन गरि योजना तय गर्न सुझाव दिदै आगामी दिनमा लाभांश वितरणमा सुधार आउने गरि कार्य गर्न सुझाव दिनुभयो ।

**८. व्यास कुमार शर्मा**

- यो आर्थिक बर्ष पनि व्यवसायिक रूपले विषम परिस्थिति हुँदाहुदै पनि सफलता पूर्वक वित्तिय विवरण पेश गर्नु भएको छ सराहनीय छ ।
- कम्पनी चुक्ता पूँजीको हिसाबले मात्र नभई reserve and surplus को पक्षबाट पनि कम्पनी उपयुक्त रहेको छ । Profit and loss को पक्षमा पनि राम्रो सन्तुलन रहेकोले आ.ब. २०८०/०८१ को बार्षिक प्रगति विवरण उपयुक्त रहेको छ यसका लागि सबैलाई धन्यबाद दिन चाहन्छु भन्ने धारणा व्यक्त गर्नुभयो ।
- कम्पनीको networth राम्रो छ । कम्पनीको networth बढाउनु होस तर व्यापार केन्द्रित भएर बढाउदा राम्रो हुन्छ भन्नु भयो । कम्पनीको assest मा १ करोडले बृद्धि भएको विषयको समेत प्रशंसा गर्नुभयो ।
- यो ९ बर्षमा निरन्तर मेहनतले कम्पनीलाई जसरी यो स्थानमा स्थापित गराउनु भएको छ सो पक्ष सराहनीय रहेको छ भन्नुभयो ।
- कम्पनीको भैरहेका मानव स्रोतलाई दिर्घकाल सम्म स्थायित्व रहने गरि आकर्षक सेवा, सुविधा र बृति बिकासका आवश्यक योजना बनाउन सुझाव दिनुभयो । कम्पनीमा भइरहेको मानवस्रोत बढि भन्दा बढि उपयोग गर्न उपयुक्त हुने धारण व्यक्त गर्नु भयो ।
- कम्पनीको लगानीको Portfolio राम्रो रहेको भन्दै लगानी गर्दा सजगताका अपनाउन सुझाव दिनुभयो ।
- दाबी भुक्तानीमा समेत विशेष ध्यान दिइ कार्य गर्न सुझाव दिनुभयो ।

**९. कृष्ण प्रसाद अधिकारी**

- कम्पनीले सफलता हासिल गरोस्, कम्पनी परिपूर्ण होस् साथै आगामी दिनमा अझ बढि सफलता मिलोस भनि कामना गर्नुभयो ।
- कम्पनीको साधारण सभाको मिति तय गर्दा आगामी दिनमा अर्को कम्पनीको साधारण सभा संग एकै दिन नपर्ने गरि मिति तय गर्न सुझाव दिनुभयो ।
- बार्षिक प्रतिवेदन ७ दिन पहिला शेयरधनीलाई पुऱ्याउने गरि तयार गर्न सुझाव दिनुभयो ।

**१०. इन्द्रकृष्ण श्रेष्ठ**

- कम्पनीको साधारणसभाले पेश गरेको नगद लाभांशको स्वागत गर्नु भयो भने आगामी बर्ष लाभांश उपलब्ध गराउदा बोनस शेयर प्रदान गर्दा उपयुक्त हुने सुझाव दिनु भयो ।
- प्रतिवेदनमा शेयरधनी मार्फत आएका जिज्ञासामा छलफल गर्न सहज हुने गरि अध्यक्ष र प्रमुख कार्यकारी अधिकारी मञ्चमा संगै बस्ने गरि व्यवस्था मिलाउनु उपयुक्त हुने सुझाव दिनुभयो ।
- आगामी साधारणसभा कम्पनीको आफ्नै व्यवसायिक भवनमा सम्पन्न गरिने विषयमा खुशि व्यक्त गर्नुभयो ।



आइजीआई प्रुडेन्सियल इन्स्योरेन्स लि. IGI काठमाडौँ

**११. श्री निरूपमा गुप्ता**

- कम्पनीले यस बर्ष प्रदान गरेको नगद लाभासंको स्वागत गर्नु भयो र आगामी बर्ष दुई अंकमा लाभासं प्राप्त हुने आशा व्यक्त गर्नु भयो ।
- आर्थिक सूचकहरू सकारात्मक र प्रशंसनिय रहेकोमा खुशी व्यक्त गर्नुभयो ।
- कम्पनीले संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत शिक्षा क्षेत्रमा लगानी गर्न सुझाव दिनुभयो । निर्धन/असक्तलाई शिक्षामा सहयोग र राहत पुग्ने आगामी बर्ष शिक्षा क्षेत्रमा लगानी भएको बिषय प्रतिवेदनमा संलग्न भएको देख्न पाईने छ भन्ने बिश्वास समेत व्यक्त गर्नु भयो ।
- प्रतिवेदन अध्ययन गर्दा समय सापेक्ष खर्च बृद्धि स्वभाविक नै रहेको छ अतः खर्चमा मितव्ययिता रहेको देखिएको छ । आगामी बर्ष पनि यसै गरि खर्चमा मितव्ययि भई कार्य गर्न सुझाव दिनुभयो ।
- आगामी बर्ष कम्पनीलाई अझ बढी प्रगति उन्मूख बनाउन रणनीति र योजना के-कस्तो रहेको छ भनी जिज्ञासा राख्नु भयो ।
- कम्पनीको निर्माणाधिन भवन सम्पन्न हुने क्रममा रहेको र अब नयाँ बर्षमा कम्पनीको आफ्नै नयाँ भवनबाट कार्य आरम्भ हुने बिषयमा खुशि व्यक्त गर्नुभयो ।
- साधारणसभामा प्रस्तुत भएका विशेष तथा सामान्य प्रस्तावमा आफ्नो पूर्ण समर्थन रहेको भनि भन्नुभयो ।

**१२. श्री रोज कुमार श्रेष्ठ**

- देशको आर्थिक स्थिति कम्जोर रहँदा रहदै पनि नगद लाभांश प्राप्त भएकोमा खुशि व्यक्त गर्नुभयो । विगत बर्षमा भन्दा समिक्षा बर्षमा नाफा बढी देखिएको विषय सकारात्मक रहेको छ र कम्पनीले निरन्तर सफलता प्राप्त गर्दै गएको भनी प्रसंसा समेत गर्नुभयो ।
- कोभिडको समयमा थुप्रिएका दाबी फाइलको स्थिति के-कस्तो छ भनि जिज्ञासा राख्नु भयो ।
- बीमालेख बिक्रीको संख्यामा कमि हुन आएको छ, सो तर्फ विचार गरि बीमालेख बिक्रिलाई क्रमसः बढाउदै लैजान सुझाव दिनु भयो ।
- साधारण सभाको सफलताको कामना गर्नुभयो र आगामी बर्षमा कम्पनीले थप प्रगति हासिल गर्न तर्फ लाग्नका लागि सुझाव दिनुभयो ।

**१३. श्री उत्तम पाठक**

- आर्थिक संकट बिचमा पनि कम्पनीले हासिल गरेको उपलब्धि सराहनीय रहेको भन्नुभयो र उहाँले संचालक समितिमा प्रतिनिधित्व गर्ने व्यक्तित्वहरू अनुभव रहेको भनि प्रसंशा समेत गर्नुभयो । साधारण सभाको सफलताको कामना गर्नुभयो ।
- बीमाशुल्क संकलन उल्लेख्य मात्रमा नभए पनि निरन्तर बृद्धि उन्मुख रहेको हुँदा सराहनीय रहेको बिचार राख्नु भयो । भने एक बर्ष लाभांश वितरण नगरेर कम्पनीको जगेडा कोषलाई बढाउन र कम्पनी > बढाउन उपयुक्त हुने सुझाव दिनु भयो ।
- समिक्षा बर्षको विवरण हेर्दा बीमाशुल्क बृद्धिको तुलनामा बीमा दाबी संख्या तथा रकम बृद्धि बढि देखिएको छ । बीमा दावीमा प्रभावकारी हुनु सकारात्क पक्ष हो तर बीमा कम्पनीमा झुट्टा बीमा दावीको संख्या बढदै गएकोले सो तर्फ सचेत रहन सुझाव दिनुभयो ।

**१४. श्री उत्सब श्रेष्ठ**

- साधारणसभाको मिति कुनै अर्को कम्पनीसंग जुध्न गएको छ । जसले गर्दा सभाहलमा शेयरधनीको उपस्थिति कम देखिएको छ भन्दै आगामी दिनमा सभा एकै दिन नपर्ने गरि आयोजना गर्नु सुझाव दिनुभयो ।
- अघिल्लो बर्ष लाभांश वितरण भएको थिएन भने यस बर्ष पनि ९.७३ प्रतिशत नगद लाभांश दिनु कम हो भन्दै आगामी बर्ष शेयरधनीलाई लाभांश वितरण बृद्धि गर्ने तर्फ ध्यान

आइजीआई प्रुडेन्सियल इन्स्योरेन्स लि. IGI काठमाडौं

पुऱ्याउन सुझाव दिनु भयो । आगामि दिनमा नगद लाभांश नभई बोनस शेयर वितरणमा जोडदिन सुझाव दिनुभयो ।

- संस्थागत सामाजिक उत्तरदायित्व सम्बन्धी विवरण आगामि दिनमा विस्तृत खुल्ने गरि राखिदिन सुझाव दिनुभयो । साथै बास्तविक बर्ग र समुदाय कै लागि हुने गरि संस्थागत सामाजिक उत्तरदायित्वको रकम खर्च गर्न सुझाव दिनुभयो ।
- संचालक समितिलाई प्रदान गरेको भत्ताको विषय प्रष्ट नभएकोले आगामि दिनमा यसलाई प्रष्ट हुने गरि खुलाउन अनुरोध गर्नुभयो ।
- शेयर बजार बढेको समयमा शेयर बिक्री गरि कम्पनीले अन्य क्षेत्रमा लगानी गर्दा राम्रो हुने धारणा राख्नु भयो ।
- प्रतिवेदनमा उल्लेखित मनोरन्जन बापतको खर्च, उपहार र दातव्य बापतको खर्च बढि भएको तर्फ औल्याउनु भयो ।
- साबिकको आईएमई जनरल इन्स्योरेन्स लि.को आ.व. २०७४।०७५ को २१औं बार्षिक साधारण सभाबाट पारित गरेको ५ प्रतिशत बोनस शेयर वापतको कर रकम कुनै शेयरधनीले भुक्तानी नगरेको कारणले उक्त बोनस शेयर सम्बन्धित शेयरधनीको खातामा जान नसकेको भए त्यस्तो शेयरधनीहरूको हकमा हाल प्रस्तावित भए बमोजिमको नगद लाभांशबाट कर कट्टी गरी शेयर खातामा पठाउने व्यवस्था गरिने सम्बन्धि प्रस्तावको स्वागत र समर्थन गर्दछु भन्नुभयो ।

**१५. श्री अन्जनि कुमार गुप्ता**

- साधारण सभाको सफलताको कामना गर्नुभयो । आगामी बर्षमा कम्पनीले थप प्रगति हासिल गर्नका लागि शुभकामना दिनुभयो ।
- हामी सर्वसाधारण तर्फका लगानीकर्ताले नाफाको उदेश्यले बैकबाट ऋण लिएर शेयरमा लगानी गरेका हुन्छौ । बैंकमा व्याज तिर्दा १० प्रतिशत भन्दा बढिको व्याज हुन आउँछ सो हिसावले कम्पनीले प्रदान गरेको नगद लाभांश न्यून रहेको छ भन्नुभयो भने आगामी बर्षमा दूई अंकको लाभांश वितरण गर्न सुझाव दिनु भयो ।
- बीमा कम्पनीको सामूहिक रुपमै पनि बीमा शुल्क बृद्धि सन्तोषजनक छैन भन्नुभयो ।
- बीमा कम्पनीमा झुट्टा बीमा दावीको संख्या बढदै गएकोले सो तर्फ सचेत रहन सुझाव दिनुभयो ।

**१६. श्री उद्धव प्रसाद घिमिरे (लिखित)**

- साधारण सभा समयमै सम्पन्न गर्नुको लागि सुझाव दिनुभयो । लाभांश नीति राम्रो छ यसका लागि धन्यवाद र बार्षिक प्रतिवेदनमा प्रस्तावित विशेष तथा सामान्य प्रस्ताव मेरो तर्फबाट स्वागत योग्य छ ।
- बाह्रय लेखा प्रणाली चुस्तदुरूस्त र पारदर्शिता होस् भनि ध्यानर्कषण गराउनु भयो ।
- अहिलेको लेखाप्रणाली ICAN ले दिएका निर्देशनहरू र NFRS System को बार्षिक प्रतिवेदन तयार भएको स्वागत योग्य छ । Discloser को नम्बर प्रक्रियामा पारदर्शिता देखिनु पर्छ ।
- बार्षिक प्रतिवेदनमा पोर्टफोलियो राम्रो छ कुल लाभांश पनि राम्रो छ । कुल आम्दानीको आधारमा वितरित लाभांस स्वागत योग्य छ र बीमा शुल्क आर्जन परिमाण राम्रो छ । लगानीको क्षेत्रमा थप विस्तार गर्नुपर्ने देखिएको छ भने सैद्धान्तिक सुचकाङ्क राम्रो छ । । यसका लागि संचालक, व्यवस्थापन र सम्पूर्ण कर्मचारीलाई धन्यवाद दिन चाहन्छु साथै बीमा बजारसंग प्रतिस्प्रर्धात्मक तरिकाले अगाडि बढाउनु पर्दछ भनि सुझाव दिनुभयो ।
- कम्पनीले संचालनमा ल्याएको स्वास्थ्य बीमा योजनालाई हरेक ग्रामिण तहसम्म पुऱ्याउदा उपयुक्त हुन्छ । कृषि बीमाको क्षेत्रमा हरेक पक्षलाई समेटेको विषय सराहनिय छ । तर पंक्षि

आइजीआई प्रुडेन्सियल इन्स्योरेन्स लि. IGI काठमाडौं

बीमालाई समेटन नसकेकोले सो क्षेत्रलाई पनि समेटने गरि बीमासेवा विस्तार गर्नु जरूरी छ भनि सुझाव दिनुभयो ।

- बीमाङ्यि विवरण अझ प्रभावकारी हुनु पर्दछ र अन्डरराईटिङ्ग विभागमा अझबढि सुधार हुन जरूरी रहेको छ भनि औल्याउनु भयो ।
- सामुद्रिक बीमाको क्षेत्रमा सेवालाई थप विस्तार गर्नु पर्दछ भने हवाई बीमामा अझ बढि जोडदिनु पर्ने देखिन्छ भनि सुझाव दिनुभयो ।

१७. **श्री गुणराज भट्ट (लिखित)**

- कम्पनीले बार्षिक प्रतिवेदनमा प्रस्तावित गरेको सबै प्रस्तावहरूको समर्थन गर्दै २७ औ बार्षिक साधारणसभाको सफलताको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्नु भयो ।
- समग्र आर्थिक अबस्था ओरालो लागेको समयमा पनि कम्पनीले ९.७३ प्रतिशतले लाभांश वितरण गर्ने निर्णय गरेको बिषय राम्रो रहेको भन्दै हार्दिक धन्यवाद व्यक्त गर्नु भयो । तर समग्र बीमा क्षेत्रमा हेर्दा लाभांशको दर कम रहेको धारणा राख्नु भयो साथै आगामी बर्ष घटिमा पनि १५ प्रतिशत बोनश शेयर पाउने आशा पनि व्यक्त गर्नुभयो ।
- कम्पनीले संस्थागत सुशासन राम्रो देखिएकोले कम्पनीमा कार्यरत कर्मचारीलाईलाई अझ उत्कृष्ट बनाउन कर्मचारीको सेवा, सुविधा, तालिम तथा पदोन्नतिको अवसर प्रदान गर्न सुझाव दिनुभयो ।
- कम्पनी सचिवले शेयरधनीहरूसंग अत्यन्तै सुमधुर शालिन व्यवहार गरेको देख्दा अन्य कर्मचारीहरूले पनि ग्राहकहरूसंग यस्तै नम्र व्यवहार गरेको खण्डमा हाम्रो कम्पनी नेपालको न. १ बीमा कम्पनी हुने कुरामा दुईमत हुन सक्तैन भनि ग्राहक संग सुमधुर सम्बन्ध बिस्तार गर्न सुझाव दिनुभयो ।
- बीमितको दावी यथासमयमा भुक्तानी गर्ने व्यवस्था गर्नु हुन आग्रह गर्नु भयो ।

१८. **श्री नरसिंह लाल चखुँ (लिखित)**

- कम्पंनीको बार्षिक प्रतिवेदनवाट कम्पनीको प्रगति सुधारात्मक रहेको बीमा कोष, खुद नाफा, लगानी, प्रति शेयर आम्दानी र यस बर्षको ९.७३ को लाभांशको लागि कम्पंनीलाई आभार प्रटक गर्नुभयो । साथै, कम्पनीको सुधार र प्रगतिको गतिविधिलाई निरन्तरता दिन नीति तय गरि अघि बढ्न कम्पंनीलाई आह्वान गर्नुभयो । आगामि दिनमा कम्पनीको थप सफलताको कामना गर्दछु ।
- कम्पनीले ग्राहक मुखी सेवा, उपयुक्त बजार व्यवस्थापन, नाफा मुखि व्यवसायका रूपले अगाडि बढेको हुँदा कम्पनीले आफ्नो छुटै पहिचान बनाउन सफल भएको भनि प्रशंसा व्यक्त गर्नुभयो । साथै आफ्ना शेयरधनीसग पनि सम्बन्ध विकास व्यवस्थापनले विशेष ध्यान दिनुपर्छ भन्ने सुझाव दिनुभयो ।
- व्यापारको तौरतरिकालाई समयानुकुल परियार्जन गर्दै व्यापार बृद्धिमा अझ बढिजोड दिन सुझाव दिनुभयो । भने कम्पनीका शाखाहरूको व्यापारिक क्षमता प्रवर्द्धन गर्नका लागि प्रोत्साहित गरि शखाहरूलाई नाफामुखी बनाउनु सझाव दिनुभयो ।
- शिक्षा पूर्वाधार पर्यटन, हस्पिटालिट क्षेत्र तिर पनि लगानी गर्न सुझाब दिनुभयो ।

१९. **श्री दिवाकर खड्का (लिखित)**

- कम्पनीले प्रदान गरेको ९.७३ प्रतिशत नगद लाभांश सन्तोषजनक रहेको तर समग्र बीमा क्षेत्रमा हर्दा लाभांशको दर कम रहेको धारण राख्नुभयो ।
- समिक्षा अवधिमा कुल बीमालेख संख्यामा गिरावट देखिएको, कम्पनीको पुर्नबीमा प्रिमियम तर्फ ठूलो धनराशी विदेशिएकोमा नेपालमा रहेका पुर्नबीमाहरूको प्रिमियम बढाउनु पर्ने सुझाव दिनुभयो ।

आइजीआई प्रुडेन्सियल इन्स्योरेन्स लि. IGI काठमाडौं

- लगानी तर्फबाट प्रर्याप्त नाफा लिन नसक्नुमा दक्ष जनशक्तिको अभाव देखिन्छ ।
- आ.ब. २०७४।०७५ को २१ औं बार्षिक साधारण सभाबाट पारित बोनशको कर नतिर्नेको हकमा हालको नगद लाभांशबाट समायोजन गर्ने कुरा उपयुक्त छ र सो बिषयमा आफ्नो समर्थन रहेको जानकारी गराउनुभयो ।

**२०. श्री जगन्नाथ आचार्य (लिखित)**

- कम्पनीले प्रदान गरेको आ. व. २०८०।८१ को मुनाफाबाट आफ्ना शेयर धनीहरूलाई ९.७३६८५ (प्रतिशत) नगद लाभाँश प्रस्तावको रूपमा ल्याउनु भएकोमा खुसी व्यक्त गर्दै उक्त लाभाँश नगदको सट्टा बोनश शेयरको रूपमा आउन सकेको भए अझ सुनमा सुगन्ध हुने सुझाव दिनुभयो ।
- अधिकाँश बीमा कम्पनीले जगेडामा भएको ठूलो परिणामको रकमलाई बैंक तथा वित्तिय संस्थामा मुद्धती वचतको रूपमा जम्मा गरी आम्दानी देखाइरहेकोमा हाल बैंकले दिने ब्याज दरमा अत्याधिक ह्रास आइरहेको हुदा आम्दानीमा सकुचन आउन सक्ने देखिएकोले आजको प्रतिस्पर्धात्मक समयमा बजारीकरणमा जोड दिएर नयाँ योजना लिएर अघि बढ्नु पर्ने देखिन्छ । यसको लागि संस्थापक, संचालक, व्यवस्थापन, कर्मचारी तथा हामी सम्पूर्ण शेयर धनीहरूले सहयोगी हातहरू अगाडी बढाउनु पर्ने समेत महसुस गरेको जानकारी दिनुभयो ।
- समिक्षा बर्षमा कम्पनिको कुल आम्दानी, खुद मुनाफा र प्रति शेयर बढेको विषय प्रसंसनिय रहेको भन्नुभयो ।
- यस बर्ष आश्विन महिनाको अत्याधिक वर्षाबाट उत्पन्न बाढी पहिरोले पुऱ्याएको क्षतिपुर्ति भुक्तानी गर्दा कम्पनीलाई के-कति आर्थिक दायित्व परेका छ भनि जिज्ञासा राख्नुभयो ।
- बीमा कम्पनीमा संस्थागत सुशासन कायम भएको हुनुपर्दछ - तोकिएको समयमा विवरणहरू प्रकाशित गर्ने, बार्षिक साधारण सभा समयमै सम्पन्न गर्ने, संस्थापक र व्यवस्थापनको बिचमा राम्रो सम्बन्ध कायम राख्ने, कर्मचारीहरूको हितमा कार्य गर्ने/काम गर्न उत्साहित हुने बातावरण निर्माण गर्न सुझाव दिनु भयो ।
- विश्वमा नयाँ प्रकोपहरू देखा परिरहेकै छ, कहिले कोरोना, कहिले डेंगु भनि अनेकौ कारणले हाम्रो बजारमा यस्तो नकारात्मक असर पर्न गयो भनेर व्यवस्थापन पक्षिन हुदैन । किनकी यस्तो विषम परिस्थितिको सामना गर्नु नै यहाँहरूको पदीय जिम्मेबारी हो भनि भन्नुभयो ।
- कर्मचारीहरू संस्थाका लागि बलिया खम्बा भएकोले उनिहरूको मनोबल उच्च बनाउने सुझाव दिनुभयो । साथै कर्मचारीहरू बिच विभिन्न समयमा जन्मदिनमा शुभकामना आदानप्रदान गर्ने गरि एकआपसमा सुमधुर सम्बन्ध स्थापित भएमा कार्यालयमा राम्रो वातावरण बन्ने सुझाव कर्मचारीहरू अझ बढी आफ्नो संफलताप्रति बफादार हुनेछन् । संचालक र सम्पूर्ण कर्मचारीहरूलाई स्वस्थ्य जिवनयापन गर्ने उदेश्यले कार्यालय भित्रै ठाउँ/समय मिलाएर दैनिक कार्यमा बाधा नपुग्ने गरि योगध्यान तथा शारिरीक व्यामको व्यवस्था मिलाउन सुझाव दिनुभयो ।
- विश्वमा आएको राजनितीक परिवर्तन र व्यवसायमा परेको असर र विभिन्न विकास परियोजनाहरूमा परेको असर लगायतले पनि बैंक तथा वित्तिय संस्थाहरूमा प्रतिकुल प्रभाव परेको छ । यसको प्रभाव विस्तारै बीमा क्षेत्रमा पर्ने निश्चित छ र यो विषम् परिस्थितिमा हाम्रो कम्पनीको व्यवसायलाई खस्किन नदिई यस बर्ष भन्दा बढी नाफा आर्जन गर्न कम्पनीको व्यवस्थापनबाट उपयुक्त रणनीति तय गर्न सुझाव दिनुभयो ।
- अन्तमा, आगामी २८औ बार्षिक साधारण सभा हालको लाभांश प्रस्तावमा नघट्ने गरि त्यो पनि बोनस लाभांसकै रुपमा ल्याउन बर्तमान संचालक समितिलाई सफलता मिलोस भन्ने कामना गर्नुभयो ।

आइजीआई प्रुडेन्सियल इन्स्योरेन्स लि. IGI काठमाडौं

२१. **लक्ष्मण बहादुर श्रेष्ठ (लिखित)**

- बार्षिक साधारण सभाको सफलताको शुभकामना गर्नुभयो । कम्पनीले आर्थिक बर्ष २०८०।८१ मा ९.७३६८५ नगद लाभांश दिन सफल भएकोमा धन्यबाद ज्ञापन गर्नुभयो र आगामी आर्थिक बर्षमा लाभांश बढ्नुको साथै ५०।५० प्रतिशतको अनुपातमा बोनश र नगद लाभांश दिन सुझाव दिनुभयो ।
- आगाामी बार्षिक साधारणसभा समयमा नै सम्पन्न गरी जरिवना तिर्न नपर्ने गरी ध्यानमा राखी द्वितीय त्रैमासिक भित्र गर्न अनुरोध गर्नुभयो । बीमा बजारमा यस कम्पनीले भोलिका दिनमा आफनो बजारलाई अझ बढी सशक्त रूपले अगाडि बढाउन कम्पनीको के-कस्तो योजनाहरू छन् प्रष्ट पार्न आग्रह गर्नुभयो ।
- कम्पनीको आफ्नै व्यवसायिक भवन निर्माण के कस्ता अवस्थामा पुगेको छ र भवन निर्माण पश्चातको योजना के-कस्तो रहेको छ जानकारी दिन आग्रह गर्नुभयो । खर्चमा मितव्ययीता अपनाउन कम्पनीका संचालक समितिलाई आग्रह गर्नुभयो ।
- कम्पनीलाई आजको अबस्थासम्म ल्याइपुऱ्याउन सहयोग गर्ने कर्मचारीहरूप्रति आभार प्रकट गर्दै साधारण सभामा पेश हुने सबै प्रस्तावमा पूर्ण समर्थन रहेको जनाउनु भयो ।

२२. **ब्रम्हदेब शाक्य (लिखित)**

- यस सभामा छलफलका लागि प्रस्तुत गरिएका सामान्य तर्फका ५ बटा र बिषेश तर्फका ३ बटा प्रस्तावहरू मध्ये हामी शेयर होल्डरहरूका लागि आकर्षक लाग्ने प्रस्ताब भनेका सामान्य प्रस्ताव नं. ४ मा उल्लेखित कर प्रयोजन सहित ९.७३६८ प्रतिशतका दरले नगद लाभांश बितरण गर्ने प्रस्ताब रहेको भन्दै उक्त प्रस्ताबको सहर्ष समर्थन गर्दछु भन्नुभयो साथै सोका लागि निरन्तर काम गर्ने सबैलाई धन्यबाद ज्ञापन गर्नुभयो ।
- सामान्य प्रताब नं.१ अन्तर्गत संचालक समितिको तर्फबाट अध्यक्षज्युले प्रस्तुत गर्नुभएको प्रतिबेदन समसामयीक र यथार्थपरक रहेको छ भन्नुभयो ।
- अध्यक्षज्युले आफ्नो मन्तब्यमा कम्पनीको आफ्नै ११ तल्लाको व्यवसायिक भवन निर्माणको अन्तिम चरणमा रहेको र भबिष्यमा प्रदेशहरूमा समेत आफ्नै व्यवसायिक भवन निर्माण गर्दै जाने लक्ष्य रहेको कुराले हामी शेयरधनीहरूलाई कम्पनी प्रति बिश्वास बढाएको धारणा व्यक्त गर्नुभयो । साथै आफ्नो लगानीमा प्रतिफल पाउदै जाने कुरामा आत्मबिश्वास बढेको जानकारी गराउनुभयो ।
- प्रमुख कार्यकारी अधिकृतको प्रतिबद्धतामा उजागरित बीमाको पहुच बिस्तार तथा बिकासका लागि स्थानीय निकायहरूसंग सहकार्य तथा डिजिटल माध्यम समेतबाट सेवा बिस्तार गर्दै गुणस्तरीय सेबा प्रदान गर्ने गरी कार्य गरिरहेको भन्ने कुराले कम्पनीले आफ्नो व्यवसाय फराकिलो पार्दै मुनाफा बृद्धि गर्दै जाने निश्चित रहेको भन्नुभयो ।
- सामान्य प्रस्ताव अन्तर्गत लेखा परीक्षकको नियुक्ती र पारिश्रमिकको सम्बन्धमा बर्तमान लेखा परीक्षकलाई नै पुनः नियुक्त गर्न र यथावत पारिश्रमिक नै कायम गर्न सुझाव दिनुभयो । लेखा परीक्षकलाई समय मै लेखा परीक्षण कार्य सम्पन्न गरी आ.ब. समाप्त भएको समयसिमा भित्रै साधरणसभा बोलाउन सक्ने बातवरणको व्यबस्था गर्न अनुरोध गर्नुभयो ।
- स्वतन्त्र संचालकको सम्बन्धमा संचालक समितिले गरेको नियुक्तीलाई अनुमोदन गर्नुका साथै कम्पनीले गरेको संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत गरेको कार्यहरु पनि अनुमोदन र बीमा सचेतना कार्यक्रमहरूलाई ब्यापक र प्रभाबकारी बनाउन सुझाव दिनुभयो ।
- अन्तमा कम्पनीको उन्नति र प्रगतिको लागि काम गर्नुहुने संचालक समिति, ब्यबस्थापन समुह, कर्मचारी बर्ग, बीमा अभिकर्ता एबं सर्भेयरहरुलाई हार्दिक धन्यबाद व्यक्त गर्नु भयो ।

आइजीआई प्रुडेन्सियल इन्स्योरेन्स लि. IGI काठमाडौं

११) **शेयरधनी सदस्यहरूबाट प्राप्त सुझाव एवं जिज्ञासाको कम्पनीका अध्यक्षज्यूबाट सम्बोधन :**

शेयरधनी सदस्यहरूबाट प्राप्त सुझावहरूको लागि धन्यवाद सहित अध्यक्षबाट आभार प्रकट गर्नुभयो शेयरधनीहरूबाट आएका सुझावलाई कार्यान्वयन गर्न कम्पनीले आफ्नो नियमनकारी निकायको निर्देशनको परिधि भित्र रहेर शेयरधनीको जिज्ञासा र सुझाबको विषयमा प्रक्रिया अगाडि बढाइने छ भन्दै उहाँले संचालक समितिले जुनसुकै निर्णय गर्दा हाम्रा शेयरधनी महानुभावको सुझाब र चाहनालाई मध्यनजर राखेर सोही बमोजिम नै कार्य गर्दै आइरहेको सभालाई जानकारी गराउनु भयो ।

शेयरधनी सदस्यहरूबाट धेरै राम्रा सल्लाह र सुझाबहरू प्राप्त भएकोमा धन्यवाद दिंदै प्राप्त सल्लाह र सुझाबहरू सञ्चालक समिति तथा कम्पनीको व्यवस्थापनबाट आत्मसाथ गरी भबिष्यको मार्गदर्शनको रूपमा लिई कम्पनीलाई सबल र सक्षम बनाउने क्रममा उक्त सुझाबहरूलाई मनन गरी अगाडी बढ्नेछौं भनि प्रतिवद्धता व्यक्त गर्नुभयो । हाम्रो एक मात्र उद्देश्य नै सबल सक्षम र प्रतिस्पर्धी बीमा कम्पनी बनाउने रहेकोले सोही बमोजिम कार्यहरु गर्दै आईरहेको र भविश्यमा पनि सोही बमोजिम गर्दै जाने विश्वास व्यक्त गर्नुभयो ।

१२) **प्रस्ताव उपर सभाको निर्णय :**

तत्पश्चात् छलफलका विषय सुचीमा उल्लेखित प्रस्तावहरू सभाद्धारा पारित गर्नका लागि अध्यक्षबाट सभा समक्ष प्रस्ताव प्रस्तुत गरिएकोमा देहाय अनुसार निर्णय पारित गरियो ।

**क. सामान्य प्रस्तावहरू :**

(१) **संचालक समितिको तर्फबाट अध्यक्षज्यूद्धारा पेश हुने कम्पनीको आ.ब. २०८०।०८१ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।**

सञ्चालक समितिका तर्फबाट अध्यक्षद्वारा पेश भएको आ.ब. २०८०/०८१ को वार्षिक प्रतिवेदन पारित गर्नका लागि निर्णयार्थ पेश हुँदा सभामा उपस्थित शेयरधनीहरूबाट सर्वसम्मतिले पारित गरियो ।

(२) **आ.ब. २०८०/०८१ को लेखापरीक्षकको प्रतिवेदन सहितको वासलात, नाफा नोक्सान हिसाव र नगद प्रवाह विवरण तथा सोसंग सम्बन्धित अनुसूचीहरू पारित गर्ने ।**

आ.ब. २०८०/०८१ को लेखापरीक्षकको प्रतिवेदन सहितको सो आ.ब.को वासलात, नाफा नोक्सान हिसाव तथा नगद प्रवाह विवरण लगायतका वित्तीय विवरणहरु सहितको छलफल गरी पारित गर्नका लागि निर्णयार्थ पेश हुँदा सभामा उपस्थित शेयरधनीहरूबाट सर्वसम्मतिले पारित गरियो ।

(३) **आ.ब.२०८१/०८२ को लेखापरीक्षण गर्नको लागि लेखापरीक्षकको नियुक्ती गर्ने र निजको पारिश्रमिक तोक्ने (हालको लेखापरिक्षक MRU Associates पुनः नियुक्त गर्ने) सम्बन्धमा ।**

कम्पनीको आ.ब.२०८१।०८२ को लागि बाह्रय लेखापरीक्षकमा MRU and Associates, Chartered Account कम्पनीलाई पुनः नियुक्ती गर्ने र निजलाई आ.ब.२०८१।०८२ को लेखापरिक्षण, कर लेखापरीक्षण, विस्तृत लेखापरीक्षण (Long form Audit) नेपाल धितोपत्र बोर्डको विवरण र दफा ७८ सहितमा दस्तखत गर्ने जिम्मेवारी सहित कूल रू.५००,०००।-(

अक्षरेपि पाँच लाख) भ्याट बाहेक लेखा परीक्षण शुल्क प्रदान गर्ने गरी नियुक्त गर्ने बिषयमा संचालक समितिबाट निर्णय भई अनुमोदनका लागि पेश हुन आएको प्रस्ताव सभामा निर्णयार्थ पेश हुँदा उपस्थित शेयधनीहरूबाट सर्वसम्मत रुपमा पारित गरियो ।

**(४) स्वतन्त्र संचालकको नियुक्ति अनुमोदन गर्ने सम्बन्धमा ।**

संचालक समितिको मिति २०८० फागुन २० गतेको बसेको १५ औं बैठकबाट निर्णय भई कम्पनी ऐन २०६३ को दफा ८६ (३) तथा बीमकको संस्थागत सुशासन सम्बन्धी निर्देशिका, २०७५ को दफा ३ वमोजिम विशेषज्ञ/स्वतन्त्र संचालक पदमा नेपाल राष्ट्र बैंकमा ३० बर्षको कार्यानुभव हासिल गर्नु भई अवकाश प्राप्त गर्नुभएका श्री कृष्ण प्रसाद शर्मालाई बीमकको संस्थागत सुशासन सम्बन्धि निर्देशिका, २०७५ को दफा ६ वमोजिमको योग्यता अनुसार कम्पनीको विशेषज्ञ/स्वतन्त्र संचालक पदमा आगामी चार बर्षको लागि नियुक्त गरिएको बिषय अनुमोदनका लागि पेश हुन आएकोमा सभामा उपस्थित शेयधनीहरूबाट सर्वसम्मतबाट अनुमोदन गर्ने निर्णय गरियो ।

**(५) कम्पनीको हाल कायम चुक्ता पूंजी ३,०२,९३,३४,६३९।२० (अक्षरेपी तीन अरब दुई करोड त्रियानब्ये लाख चौतिस हजार छ सय उनान्चालिस पैसा बीस मात्र) को ९.७३६८ प्रतिशतका दरले हुन आउने रू. २९,४९,६१,५३०।७० (अक्षरेपी उनन्तीस करोड उनान्पचास लाख एकसठ्ठी हजार पाँच सय तीस पैसा सत्तरी मात्र) (कर प्रयोजनार्थ सहित) नगद लाभांश वितरण गर्ने सम्बन्धमा ।**

कम्पनीको हाल कायम चुक्ता पूंजी ३,०२,९३,३४,६३९।२० (अक्षरेपी तीन अरब दुई करोड त्रियानब्ये लाख चौतिस हजार छ सय उनान्चालिस पैसा बीस मात्र) को ९.७३६८ प्रतिशतका दरले हुन आउने रू. २९,४९,६१,५३०।७० (अक्षरेपी उनन्तीस करोड उनान्पचास लाख एकसठ्ठी हजार पाँच सय तीस पैसा सत्तरी मात्र) (कर प्रयोजनार्थ सहित) नगद लाभांश वितरण गर्ने सम्बन्धमा छलफल गरी पारित गर्नका लागि निर्णयार्थ पेश हुँदा सभामा उपस्थित शेयरधनीहरूबाट सर्वसम्मतिले पारित गरियो ।

**ख. विशेष प्रस्तावहरू:**

**(१) कम्पनीको प्रबन्धपत्र तथा नियमावली अभिलेख गर्ने निकायबाट कुनै फेरबदलको निर्देशन प्राप्त भएमा सोही अनुसार फेरवदल गर्न संचालक समितिलाई अख्तियारी प्रदान गर्ने ।**

कम्पनीको प्रबन्धपत्र तथा नियमावली अभिलेख गर्ने निकायबाट कुनै फेरबदलको निर्देशन प्राप्त भएमा सोही अनुसार फेरवदल गर्न संचालक समितिलाई अख्तियारी प्रदान गर्ने सम्बन्धी विषेश प्रस्ताव निर्णयार्थ पेश हुँदा सभामा उपस्थित शेयरधनीहरूबाट सर्वसम्मतिले पारित गर्ने निर्णय गरियो ।

**(२) कम्पनीको संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत भएको खर्च अनुमोदन गर्ने ।**

आ.ब. २०८०/०८१ मा कम्पनीले संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत कुल रू. ७,५१,०००।-(अक्षरेपी सात लाख एकाउन्न हजार मात्र) खर्च गरेको हुँदा तालिकामा उल्लेखित उक्त खर्च रकम सभामा पेश भए बमोजिम शेयरधनीहरूको तर्फबाट सर्बसम्मतिले अनुमोदन गरियो ।

आइजीआई प्रुडेन्सियल इन्स्योरेन्स लि. IGI काठमाडौं

संस्थागत सामाजिक उत्तरदायित्वमा गरिएको कार्यसम्पादनको खर्चको विवरण

| क.स | कार्यक्रमको विवरण | खर्च रकम | कार्यक्रम गरेको स्थान | | प्राप्त उपलब्धी | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | प्रदेश | जिल्ला | | |
| १ | सामाजिक उत्तरदायित्व अन्तर्गत पूर्व अरनिको यातायात प्रा.लि.को ५१ औं साधारणसभामा आयोजित कार्यक्रममा यस कम्पनीद्धारा चालक र सहचालकलाई पुरस्कार प्रदान गरिएको । | ५१,००० | बागमती | काठमाडौँ | बीमा जोखिम तथा दुर्घटना न्यूनीकरणका लागि चालक तथा सहचालकलाई उत्प्रेरित गरिएको । | |
| २ | महसञ्चारलाई क्यान्सर सचेतना टेलिफिल्म बनाउन आर्थिक सहयोग प्रदान गरिएको | ५,००,००० | बागमती | काठमाडौँ | क्यान्सर सम्बन्धि समाजमा जागरुकताका लागि संस्थाको आबद्धता | |
| ३ | नेपाल क्यान्सर हस्पिटललाई आर्थिक सहयोग प्रदान गरिएको | २,००,००० | बागमती | ललितपुर | क्यान्सर हस्पिटलद्धारा वार्षिक रुपमा प्रकाशित आशा स्मारिका मार्फत क्यान्सर सेवाको क्षेत्रमा उदीयमान मुद्दाहरू र उपलब्धिहरूलाई समेट्न सहयोग । | |

## ग. विविध ।

विविध शिर्षक अन्तर्गत कुनै पनि विषयमा छलफल भएन ।

**अन्तमा,**

सभाअध्यक्षबाट सभा विर्सजनका क्रममा कम्पनीको २७औं बार्षिक साधारणसभामा भाग लिएर अमूल्य सुझावहरू दिनुहुने आदरणीय शेयरधनी महानुभावलाई धन्यवाद तथा आभार व्यक्त गर्नुभयो । कम्पनीको पूर्व संचालकज्यू, संचालक समितिका सदस्यज्यू र सम्पूर्ण सहकर्मी साथीहरूमा धन्यवांद र आभार व्यक्त गर्नु भएको थियो । स्वागत मन्तव्य तथा बार्षिक प्रतिवेदन प्रस्तुतीको क्रममा सभाध्यक्षले कम्पनी सूचारू रूपले संचालनको लागि सहयोग पुऱ्याउनु हुने सबै पक्षलाई आभार प्रकट गर्दै कम्पनीलाई विश्वास गरी निरन्तर सेवाको अवसर प्रदान गर्नुहुने सम्पूर्ण ग्राहक महानुभावहरू साथै कम्पनीमा कार्यरत निष्ठावान, अनुशासित, मेहनती, उर्जावान विश्वासिला सबै कर्मचारीहरूलाई पनि धन्यवाद तथा आभार प्रकट गर्दै २७औं साधारणसभा को कार्यक्रम समापन भएको घोषणा गर्नु भयो ।

उमा जोशी
कम्पनी सचिव

आइजीआई प्रुडेन्सियल इन्स्योरेन्स लि. काठमाडौं

हेम राज ढकाल
अध्यक्ष

.....समाप्त.....